# मुनाल

नेपाल पन्छी संरक्षण संघ

त्रैमासिक पत्रिका | वर्ष १० | अङ्क २ | चैत्र २०६७


# नेपालमा जैविक विविधताको संरक्षण कार्यक्रम - एक परिचय

–डा. हुम गुरुङ्ग

BirdLife INTERNATIONAL
Together for birds and people

Convention on Biological Diversity

AAGE V. JENSEN CHARITY FOUNDATION

अन्तर्राष्ट्रिय सन्धिहरू लागू गर्ने सन्दर्भमा अधिवचन, जागरण तथा अनवरत रुपमा गरिने कार्यहरू जस्तै जैविक विविधताको संरक्षण जस्ता कार्य महत्वपूर्ण छन्। जैविक विविधताको संरक्षण मुख्यत: अनवरत रुपमा प्रयोगमा आउँने अन्तर्राष्ट्रिय कानूनले परिवेष्ठित सन्धि हो। जैविक विविधताको संरक्षण, जैविक विविधतको दिगो प्रयोग, निष्पक्ष भई समान रुपमा प्राकृतिक उत्पतिका श्रोतहरूको प्रयोग यसका तीनवटा उद्देश्यहरू हुन्। यसको सम्पूर्ण उद्देश्य भनेको भविष्यसम्म यसका कार्यहरूलाई दिगो रुपमा प्रोत्साहित गर्नु हो। यस कार्यका लागि सन् २००९मा एज भी. जेनसन च्यारिटी फाउन्डेशनद्वारा Building on success: turning policy advantages into conservation gains नामक अन्तराष्ट्रिय संरक्षण क्षेत्रका कार्यक्रमहरूका लागि बर्डलाइफ इन्टरनेशनललाई सहायता प्रदान गरियो।

नेपालमा यस कार्यक्रमलाई १ जुलाई २००९ देखि ३० जुन २०११ सम्म नेपाल पन्छी संरक्षण संघले संरक्षणका विविध तथा फराकिला गतिविधि लागू गरी सम्पन्न गरेको छ। यसका प्रमुख गतिविधिमा नीति निर्माण तथा संरक्षणका कार्य प्रमुख रुपमा उठाउँने एवं संरक्षणका कुरादेखि लिएर निम्न तहसम्म अन्तर्राष्ट्रिय संरक्षणका विषयहरूको मध्यस्थता गर्दै जागरुक गरी जैविक विविधताको संरक्षणलाई लागू गर्ने। संरक्षित क्षेत्रको संख्या तथा भू–भाग बृद्धि गर्दै यसै कार्यक्रम अन्तर्गत नेपाल सरकारले अपी नाम्पा संरक्षण क्षेत्र, गौरीशंकर संरक्षण क्षेत्र तथा बाँके राष्ट्रिय निकुञ्ज थप गरी नेपालमा जम्मा १९ वटा संरक्षित क्षेत्र बनाएको छ। यसरी थपिएका क्षेत्र समेत गरी नेपालको जम्मा क्षेत्रफलको २३.३३ प्रतिशत संरक्षित क्षेत्रभित्र पर्न गएको छ। तराईका संरक्षण क्षेत्रभित्र पर्ने घाँसे मैदानलाई सुदृढ गर्न व्यवस्थापन योजना बनाउँन नेपाल पन्छी संरक्षण संघले आवाज उठाइरहेको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले घाँसे मैदान व्यवस्थापन पुस्तिका तयार गरेको छ। विश्वमै दुर्लभ खर मजुर पन्छी जुन तराईका घाँसे मैदानमा पाइन्छ, त्यसको संरक्षणलाई प्रमुखताका साथ दृष्टिगोचर गरिएको छ। घाँसे मैदानमा आश्रित अन्य १२ प्रजातिका विश्वमा नै दुर्लभ पन्छी प्रजातिलाई पनि यसै निर्देशिकाले सहयोग पुऱ्याउँनेछ। नेपाल सरकारको पशु सेवा विभागले यस नेपाल पन्छी संरक्षण संघले अभिलेखन गरेका पन्छीका प्रमुख वासस्थान तथा गिद्ध संरक्षणका लागि घोषणा गरिएका 'गिद्ध संरक्षित क्षेत्र' लाई मान्यता प्रदान गरेको छ। नेपाल सरकारले गिद्ध संरक्षण योजना (२००९-२०१२) बनाई लागू समेत गरेको छ। हालसम्म १३ वटा जिल्ला गिद्ध सुरक्षित क्षेत्र घोषित भइसकेका छन्। सबैभन्दा ठूलो अन्नपूर्ण संरक्षण क्षेत्र (७६२९ वर्ग किमी) मा अति सङ्कटापन्न गिद्धका प्रजाति संरक्षणका लागि जटायु रेस्टुरेण्ट स्थापना गरिएको छ। रारा रष्ट्रिय निकुञ्ज -पन्छीको प्रमुख वासस्थान तथा रामसार क्षेत्रको व्यवस्थापन योजना पुनरावलोकन पनि यस संघले गरेको छ एवं यस क्षेत्रमा पाइने सङ्कटापन्न अवस्थमा रहेका पन्छीको संरक्षणका लागि तथा यसको भू-बनोट अनुसार पन्छी अवलोकन पर्यटन विकास गर्न सिफारिस



*तत्कालीन वन तथा भू-सरक्षण मन्त्री दीपक बोहरा बैठकमा CBD COP 10 कायान्वयन बारे मन्तव्य राख्दै।*





गरेको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले जैविक विविधताको संरक्षण गर्न व्यवस्थापन योजना प्रकाशन तथा स्वीकृत गरेको छ। स्थानीय समुदायको जीवनस्तर उकास्न तथा यस योजनालाई प्रभावकारी रुपमा लागू गर्न पनि यस संघले जोड्दार आवाज उठाइरहेको छ। गरीब समुदायको सहायता बृद्धिका लागि वातावरण सुहाउँदो दिगो पर्यटनका लागि पनि यस संघले आवाज उठाइरहेको छ। जहाँ निकुञ्जले स्थनीय समुदायसँग सुहाउँदो तथा उत्कृष्ट व्यवस्थापन गर्न सक्दछ।

मध्यवर्ती क्षेत्र समावेश गर्न शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज व्यवस्थापन अवधारणा पुनरावलोकन गर्न पनि नेपाल पन्छी संरक्षण संघले सरकारी प्रतिनिधिहरू सँग परिचर्चा गरिरहेको छ। यो एकमात्र त्यस्तो राष्ट्रिय निकुञ्ज हो जहाँ अहिलेसम्म मध्यवर्ती क्षेत्र घोषणा गरिएको छैन। २६ औ संरक्षण अधिकारीहरूको सम्मेलनमा निकुञ्जका कर्मचारीहरूको क्षमता विकासका साथै व्यवस्थापन क्षमतालाई बलियो बनाउँने अर्को मुख्य पाइला हुने कुराको छलफल पनि गरिएको छ।

प्रजाति संरक्षण तथा वासस्थान व्यवस्थापनलाई मुख्य रुपमा दृष्टिगोचर गर्दै नेपाल सरकारले चौथो जैविक विविधता संरक्षण सचिवालयमा बुझाइएको प्रतिवेदनमा यस संघले सरकारी अधिकारीहरू सँग छलफल तथा विविध जानकारी प्रदान गर्‍यो। चारवटा पन्छीका प्रमुख वासस्थान (कोशीटप्पु, माई उपत्यका, जगदीशपुर जलाशय तथा नवलपरासी वन) को कार्यानुभवद्वारा यस संघले जैविक विविधताको लामो समयसम्म गरेको संरक्षण कार्य जुन अति सङ्कटापन्न वा दुर्लभ हुँदै गएका पन्छी प्रजातिको सर्भे, अनुगमन वासस्थानको निश्चितता तथा प्रजातिहरूलाई प्रमुख वासस्थानमा स्थापित तथा पुनर्स्थापित गरी संरक्षित गर्न पनि यस संघले आवाज उठाएको हो।

यस कार्यक्रमको प्रमुख प्राप्तिका रुपमा नेपाल सरकारले संरक्षित क्षेत्रभन्दा बाहिर रहेका तीनवटा अतिरिक्त पन्छीका प्रमुख वासस्थानलाई दरिलो व्यवस्थापन गर्ने बचनबद्धता प्रकट गर्नुलाई लिन सकिन्छ। यी तीनवटा क्षेत्रमा जम्मा १७६,३६७ हेक्टर क्षेत्रफल भएका प्रमुख वासस्थान माई उपत्यकाको वन, लुम्बिनी उर्वराभूमि र फूलचोकी वन हुन्। माई उपत्यका व्यवस्थापन योजना तयार गरिसकिएको छ जसमा पन्छी तथा तिनको वासस्थान सम्बन्धी अनुगमन गर्न निकै उपयोगी जानकारी प्रदान गरिएका छन्। यस नेपाल पन्छी संरक्षण संघले उक्त कार्यक्रमको केन्द्रीय संस्था वन तथा भू-संरक्षण मन्त्रालयलाई जैविक विविधता संरक्षणमा लागेका संघ संस्थासँग समन्वय गर्न तथा साझा सहमति गरी निचोड निकाल्न जानकारी आदान प्रदान गर्नका साथै समन्वयकारी भूमिका खेलेको छ। अन्तर्राष्ट्रिय जैविक विविधता वर्ष २०१० एवं जैविक विविधताको संरक्षण कार्यक्रम सफल बनाउँन सम्बन्धित साझेदार माझ उल्लासपूर्वक मनाइयो। सरकारी, गैरसरकारी, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, विश्व विद्यालय एवं पर्यटन उद्योगमा लागेका संस्था लगायत २० वटाभन्दा बढी संघ संस्थाहरू लगातार यस कार्यक्रमका लागि सम्मिलित भइरहेका छन्।

सङ्कटापन्न अवस्थामा रहेका प्रजाति संरक्षणका लागि यससँग सम्बन्धित कार्य गरिरहेका १२ वटा संस्थाहरू संयोजक एवं सहयोगी भई एउटै उद्देश्यका लागि हाल करिब ३२०० अनुमान गरिएका बाघको संख्या सन् २०२२ सम्म दुई गुणा बृद्धि गर्ने लक्ष्यका साथ प्रधानमन्त्रीको अध्यक्षतामा बाघ संरक्षण समिति गठन गरिएको छ।

जापानको नागोयामा आयोजित जैविक विविधताको संरक्षण सम्मेलनमा नेपाल सरकारका प्रतिनिधि तथा अन्य संरक्षणमा लागेका संस्थाहरू सहभागी भएका थिए। यसका साथै उक्त सम्मेलनको मर्मलाई अन्य सम्बन्धित संस्थालाई पनि जानकारी प्रदान गरिएको छ। राष्ट्रिय जैविक विविधता रणनैतिक कार्ययोजना लागू गर्नका लागि उक्त सम्मेलनले दिशा निर्देश गर्ने पनि अपेक्षा गरिएको छ।

यस नेपाल पन्छी संरक्षण संघले जैविक विविधता संरक्षणका अनुभवहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संगठन माझ प्रस्तुत गरेको छ। नेपालको राजधानी काठमाण्डौमा आयोजित 'जीव परिवृत्ति सेवाहरु' नामक अन्तर्राष्ट्रिय सम्मेलनमा यौटा कार्यपत्र प्रस्तुत गर्दै हिमाली प्रदेशहरूका जैविक विविधता, जीविकोपार्जन तथा जलवायु परिवर्तन सम्बन्धी चर्चा गरियो जसमा जैविक विविधताको संरक्षण कार्यक्रमका लक्ष्यहरु समेत समेटिएको थियो। यसका साथै जैविक विविधता तथा पन्छी संरक्षण सम्बन्धी मूल मान्यता दर्साइएका पोस्टरहरू संरक्षणमा लागेका संस्थाहरुलाई वितरण गरिनुका साथै उक्त सम्मेलनमा राखिएका थिए।

यस कार्यक्रमको अवधिभरि संरक्षणका लागि उठाइएका आवाजका पर्चाहरू व्यापक रुपमा उत्पादन तथा वितरण गरिएको थियो। नेपालको विकट जिल्लामा पर्ने विकट ठाउँमा रहेको तथा नेपालकै सबैभन्दा ठूलो ताल रारा तथा यहाँको अनुपम भू-बनौटको पोस्टर प्रकाशन तथा वितरण गरियो। यस कार्यक्रमसँग सम्बन्धित विषय रहेका सामग्री विश्व जैविका विविधता र विश्व वातावरण दिवस २०११ को अवसर पारी वितरण गरिएको छ। राष्ट्रिय पन्छी चित्रकला एवं फोटो प्रदर्शनी तथा विद्यार्थीका लागि आयोजित संरक्षण सम्मेलन एवं प्रदर्शनीका अवसरमा जैविक विविधताको संरक्षण सामग्री बाँड्ने कार्य गरियो जसको आयोजन नेपाल सरकार तथा राष्ट्रिय प्रकृति संरक्षण कोषले गरेका थिए। यस कार्यक्रमको आयोजक समितिमा यो संघ पनि रहेको थियो।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका धैरैवटा बैठकहरु एवं अन्तरक्रिया कार्यक्रममा यो नीतिको प्रभाव यस कार्यक्रमको निर्णायक भाग रहने गरेको छ जुन जैविक विविधताको संरक्षण कार्यक्रमलाई लागू गर्न तथा बढाउँन निर्णायक रहेको छ। वातावरणीय जीवपरिवृत्ति सेवाहरु प्रदान गर्न नेपाल सरकार अहिले नयाँ नीति निर्माण गर्न लागिरहेको छ। नेपाल पन्छी संरक्षण संघले यस प्रकारको आविष्कार वातावरणीय नीति निर्माण गर्न विविध जानकारीहरु प्रदान गर्दै यस कार्यमा संलग्न रहेको छ। माई उपत्यका (पन्छीको एक प्रमुख वासस्थान) व्यवस्थापन योजना बनाउँन तथा लागू गर्न राष्ट्रिय तथा स्थानीय स्तरमा जानकारीहरू आदान प्रदान गर्न धेरै कार्यशालाहरुको आयोजना गरियो। गत १८ देखि २९ अक्टोबर २०१० मा नागोया, जापानमा आयोजित विश्व सम्मेलनमा नेपाल पन्छी संरक्षण संघका प्रमुख कार्यकारी अधिकृतले भाग लिनु भएको थियो। यस महासम्मेलनमा 'एसियामा जलवायु परिवर्तनको असरको पहिचान तथा असर ग्रहणीय योजना व्यवस्थापन' सम्बन्धी कार्यपत्र अतिरिक्त कार्यक्रम अन्तर्गत प्रस्तुत गरियो। यसका अतिरिक्त यस संघले 'एशियामा पन्छी संरक्षणमा जलवायु परिवर्तनको असर' नेपाल कार्यक्रमका गतिविधि सम्बन्धी कार्यपत्र पनि प्रस्तुत गरेको थियो जुन एसियाका बर्डलाइफ इन्टरनेशनलका साझेदारहरूमा वितरण गरिएको थियो।

अन्ततः संरक्षणमा लागेका सरकारी एवं गैर सरकारी संस्थाका साथै सर्वसाधारण नागरिकलाई जैविक विविधताको संरक्षणको सान्दर्भिक आवाज बुलन्द गर्न र जागरुक बनाउँने कार्य अनवरत रुपमा चलिरहने प्रक्रिया हो। यति छोटो अवधिमा यस कार्यक्रमको पूर्ण नतिजा पाउँन अत्यन्त कठिन छ। यद्यपि नेपालमा यो कार्यक्रम लागू गरेर निश्चित रुपमा अनुभव गर्न सकिने परिणामहरु प्राप्त गरिएका हुन। जुन जैविक विविधता संरक्षणमा अझ उत्कृष्टताका लागि यो एक प्रयत्न हो। त्यसैले नीतिगत उपलब्धिहरुको संरक्षण प्राप्तिको सुझाव जैविक विविधता संरक्षणका लगि सर्वोत्तम हुनेछ।

***प्रमुख कार्यकारी अधिकृत (नेपाल पन्छी संरक्षण संघ)***





# इलाममा पाइने पन्छीहरूको संसार

**–सुभाष राई**

पन्छी प्राकृतिक सौजन्य हुन्। इलाम जिल्लाको इरौंटारदेखि उत्तर उच्च पहाडी क्षेत्र सन्दकपुरसम्म पाइने वनजंगल नै चराका मुख्य वासस्थान हुन्। इलामका हरिया जंगल नै चराहरूको क्रिडास्थल हो। यहाँ ग्रीष्मका समयमा धेरै प्रजातिका चराहरू देख्न पाइन्छ। ग्रीष्म ऋतु फूल फुल्ने समय हो। पुतली, मौरी, भँवरा, बारुला प्रशस्त देखापर्ने समयमा गीत गाउने चराहरू देख्न पाइन्छन्। अर्को समय, फल पाक्दा रैथाने चराका बथान देखिन्छन्। रङ्गबिरङ्गका स-साना चरीको गीतै मीठो। मंसीर-पुषका चरा, फागुन-चैत्रका चराहरू र असार-श्रावण-भदौमा देखापर्ने चराहरू भिन्ना भिन्नै हुन्छन्। प्राय: हिउँदमा चरा मौन रहन्छन्। ऋतु परिवर्तन हुँदा चरीले भाका फेर्छ। चराका चुच्चो, खुट्टा, पखेटा, प्वाँख, शिरमा विविध रङ्गले भरिएकाले पनि चरा मानिसलाई बढी मनोरम लागेको हुन सक्छ। आजको समाजमा यो प्रकृति र पन्छी संसारलाई माया गर्ने चराप्रेमीहरू चराको संरक्षणमा लागेका पाइन्छन्।

साना चराहरूले होचा पोथ्रा रुखमा गुँड बनाउँछन्। खोले धोबिनीले खोल्साको ढुंगामा झ्याउको गुँड बनाउँछ। प्वाँख कालो भएको धोबिनी खोल्सातिर नाच्छ। झ्याप्सी, श्यामा, काफल पाक्यो, ठेउवा, कोइली, मध्ये काफल पाक्यो चराको स्वर मीठो हुन्छ। यी चराहरू वसन्त ऋतुको समयमा देखिन्छन्। कोइली रातमा कराउँछे। ठेउवा जोगमाई वेंसीतिर देखिन्छ। लामपुच्छ्रे चराको पुच्छर लामो र कालो-सेतो धब्बा भएको हुन्छ। यो वेंसीदेखि हिमालसम्म डुल्छ। फाप्रे चरा पहाडमा पाइने छिरबिरे शिर भएको सुन्दर चरा हो। यसको आहारा कीरा हो। हेर्नमा सुन्दर हरियो लामपुच्छ्रे चरा हिउँद-वर्षायाममा देखिन्छ। बल्से चरा फूलको रसमा लोभिन्छ। सानो आकारको भाले प्राय: रातो र पोथी फुस्रो हुन्छ। कल्चुडा चराले घर छेउको भीर पहरामा गुँड बनाई ४ बचेराहरू हुर्काउँछ। चारो खुवाउँन बचेरालाई गुँडको छेउमा बसेर बोलाउँछ। पुच्छर फिँजाएर नाच्ने डाँफे चरी, कालो शिर फिजाएर बस्ने जंगली जुरे परेवा गर्मी मौसममा असले, जोगमाई वेंसीतिर देखिन्छ। यी चराहरू हेर्नलाई मनमोहक हुन्छन्। लिकलिके, धुइरे चराका बथान हिउँदमा देखिन्छन् र यी घाँसे पोथ्रामा बस्छन्।

परेवा प्रेमको प्रतीक हो। यसले बिहानीको सूचना दिन्छ। हाँस र कुखुरा घरमा भए जस्तै सिंहबाहिनी, माईपोखरी मन्दिरमा परेवाका बथान छन्। गर्मी मौसममा असले वेंसीतिर सीम खोल्सामा हरियो वन परेवा पाइन्छ। काकाकुल वर्षैभरि देखिने रैथाने ठूलो चरा हो। यो खडेरी याममा कराउँदै उड्छ। सर्प खाने यसका मुख, आँखा, नंग्रा डरलाग्दा हुन्छन्। चिचिल्कोटे अर्को रैथाने चरा हो। सेतो-कालो सुनौलो प्वाँख भएका यी चराले हिउँद र गर्मी समयमा फरक-फरक गीत गाउँछन् र बीउ छर्ने समयको संकेत गर्दछन्। यसको गुँड सानो हुन्छ। कुक्कु कोइली चरा चैत्र-बैशाखमा आउँछ। बूढाहरू भन्छन् यो चराले बाली लगाउने समयको सूचना दिन्छ। बेसारा चरा हावामा अडिएर नाच्छ, साना चरीको शिकार गर्छ। प्युरा, गोपिनी चराहरू पनि ग्रीष्ममा देखिन्छन्। माई, जोगमाई, पुवामाई, देउमाई खोलामा पानी हाँसले माछा खोजेर खाएको देखिन्छ, यी हाँसहरू पानीमा पौडी खेल्छन्। पहाडका खोंच हुँदै मधेश निस्केका बिरिङ्ग, टाङ्गटिङ्ग, रतुवा खोलाहरूका किनारमा सेता बकुल्ला र हुटिट्याँउ चराका बथान पाइन्छन्। बकुल्लाले रुखमा एक जोडी बच्चा हुर्काउँछ भने हुटिट्याँउले खोला बगरको बालुवामा गुँड बनाउँछ। गुँडमा छिर्केमिर्के रङ्गका ४ वटा अण्डाहरू हुन्छन्। न्याउली चराले फागुन-चैत्रमा वन पाखाभरि बिरहका गीत गाएर मानिसलाई भावविह्वल बनाउँछ। हरियो र चकलेट रङ्गका न्याउली जोडी पन्छीले सँगसँगै तर भिन्ना भिन्नै स्वरमा गीत गाउँछन्। कुथुर्केको शिर रातो र शरीर हरियो प्वाँखले ढाकेका रहरलाग्दो देखिन्छ। यी चराहरू ठूला वन जंगलमा चर्छन्। मुसे चील, जुरे चील र हुचील मासांहारी पन्छीहरू हुन्। यी चराहरू वन विनाशले गर्दा लोपोन्मुख अवस्थामा छन्। हुचीललाई हुकुस पनि भनिन्छ, यो रातमा डरलाग्दो आवाज निकालेर बास्छ, 'हुकुर'।

चिबे चरा जंगलको गहना हो। यसले धेरै स्वरहरू निकाल्छ। कालो नीलो मिश्रित रङ्गको प्वाँख भएको चिबेले फागुनदेखि मीठो गीत गाउँन शुरु गर्छ, फलेदो, गुराँस फुल्दा बढी रमाउँछ। यो चरा फूलको रसमा भुलिन्छ र मौरी, अरिङ्गाल खान्छ। हेर्नमा आनन्द प्रदायक सुनजुरे लाँहाचे, सानो काइला लाँहाचे, सिन्दुरे लाँहाचेले रुखको टोड्कामा बचेरा हुर्काउँछ, रुख फोरेर कीराको शिकार गर्छ। बादल वर्षाको बेला देखिने लाँहाचे धेरै प्रकारका हुन्छन्। मुष्टे, पाते फिष्टा स-साना चरीहरू हुन्। पाते फिष्टाले एक पात दोबारेर गुँड बनाउँछ, अण्डा निलो हुन्छ। सेतो जुरो भएको तुलिगाँडा चरा बथानमा डुल्छ र लोप हुँदैछ। यसले आँधीहुरी र भूकम्प आउने खतराको पूर्व सूचना परिवारलाई दिन्छ। यी चराहरू फल पाक्ने हिउँद समयमा बढी देखिन्छन्। हिमालमा हिँउ झर्न लागेपछि असोज महिनादेखि चुँईयाँ र भद्रायो वेंसीतिर झर्छन। यी चराहरूले पनि आँधी भुँवरीको सूचना दिन्छन्। यी चराका किराँत कथाहरू छन्। कोकले चरा रैथाने चरा हो। कालो पुच्छर भएको यो चरा बाह्रै महिना भेटिन्छ। यो चराले अन्नबाली नाश गर्छ। सुगाले खुर्सानी खान्छ। रातो शिर, हरियो प्वाँखले सजिएको मुरली चराको बथान असार-श्रावणमा देखिन्छ। राजारानी चराका हुल वर्षायाममा नै हेर्न लायकका हुन्छन्। राजा रातो र रानी पंहेलो रङ्गको जोडा चराहरू इलाम पहाडका वनभरि डुल्छन्। अर्को, ट्याकट्याके चराले घाँसमा सिरु फूल जम्मा गरेर सानो गुँड बनाउँछ। कोटेरो चराको गुँड लोहोटा जस्तै आकारको, लिकलिके चरीको गुँड गिलास जस्तै हुन्छ। दिनमा चराहरू पनि खुट्टा-पखेटा फिँजाएर घाम ताप्छन्।



*ठेउवा फोटो: सर्वेन्द्र पछाई*





कोटेरो चराहरू बथानमा बस्छन् र धान, गँहु, बाली नाश गर्छन्। कोटेरो वर्षायाममा देखिने सिन्दुरे रङ्गका स-साना चरीहरू हुन्।

पहेंलै पाकेको दानादार फलमा साह्रै रमाउँने चरा हलेसो हो। हरियो रङ्गको हलेसोले भदौतिर एक जोडी बचेरा हुर्काउँछ, सिन्का जम्मा गरेर गुँड बनाउँछ। यसको भालेले मीठो गीत गाएर वनमा रतिक्रिडा गर्छ। ठूलो धनेश चरा तराई र भित्री मधेशको गर्मी हावापानीमा पाइन्छ। अग्लो र ठूलो ठुँड भएको धनेश दुर्लभ पन्छी हो। वरपिपलको फल लटरम्मै पाक्दा बिहान-साँझ धनेश चरालाई देखिन्छ। सेतो-कालो छिर्केमिर्के रङ्ग भएको धनेश चरा दानाबारीको घना वनमा देख्न सकिन्छ। चिफुर्के चराले घाँसपात सिमलभुवा जम्मा गरेर सानो गुँड बनाउँछ, ४ वटा रातो अण्डाबाट वर्षेनी बच्चा हुर्काउँछ। फोहर मैलामा रमाउँने पन्छी-काग हो। काग र रुप्पी चराहरूले मानिसलाई खबर ल्याउँछन् भन्ने ठानिन्छ। सानासाना पन्छी भँगेरा बिहान साँझ गीत गाउँछन्। रुप्पी चरीको फुल हरियो हुन्छ। सिमसार क्षेत्रको भुँइमा कीरा खोजेर खाने सिम कुखुरा बथानमा बस्छ, यो छिर्केमिर्के पहेंलो-सेतो कालो रङ्गको हुन्छ, यो धेरै टाढा उड्न सक्दैन। मानिसको घर गोठमा नीलो रङ्गको चरा हरिणीले गुँड बनाई बस्छ। वेंसीको तातो हावापानी मन पराउँछ। गौंथलीले प्राय: चैत्र-बैशाखमा मानिसको घरमा हिलो माटोको गुँड बनाउँछ।

चराप्रेमीहरू पन्छीको गीत सुन्न वन जंगल घुम्छन्। केंकी चराले साउन-भदौमा पहेंलपुर गुहेंली फल पाक्दा खूब मीठो गीत गाउँछ, कालो फुस्रो केंकी चराले एक जोडी बच्चा हुर्काउँछ। कालो जुरेली कालो रङ्गको र सेतो जुरेली सेतो-कालो रङ्गको हुन्छ। जुरेलीको हुल बोहरी र बाङ्गीको फल पाक्दा इलाममा प्रशस्त देखिन्छ। जुरेलीको अण्डा घ्यु बोडीको जस्तो छिर्केमिर्के हुन्छ। रैथाने चरा जुरेलीका गीत एकान्त वनमा मीठो सुनिन्छ। लुँइचेको भाले बिहान-साँझ वनभित्र बास्छ र समयको सूचना कुखुराले जस्तै दिन्छ। अलि सानो तर चलाख लुँइचे कुखुरा प्रजातिकै पन्छी हो। तर कालिजको आवाज कुखुराभन्दा भिन्नै हुन्छ। कालिजले भुँइमा आठवटा सम्म बचेरा हुर्काउँछ। यसको पोथीभन्दा भाले सुन्दर हुन्छ। कालिज भुँइमा लुक्छ। लाटोकोसेरोले ऋतु अनुसारको गीत गाँउछ, रातमा सक्रिय हुन्छ, रुखको टोड्कामा २ बचेराहरू हुर्काउँछ, मुसा यसको मुख्य आहारा हो। आँखा बिरालोको जस्तै देखिन्छ। सुबिया, सिबोकमा चरीहरूका गीत वेंसीमा सुनिन्छ। हेर्नमा मनमोहक माटीकोरे चराले माटोको दुलोमा गुँड बनाउँछ, शिरमा हरियो, रातो, नीलो र पहेंलो प्वाँखहरूले भरिएका र मुख सुनौलो हुन्छ। भ्याकुरहरू हुलमा डुल्छन्। 'काँडे भ्याकुर' को अंग्रेजी नाम 'स्पाइनी ब्याबलर' हो। यो विश्वकै दुर्लभ पन्छी इलामको हाँगेथाम वनमा पाइन्छ। मयुर पन्छी चुलाचुली, चिसापानी, बर्दु, सोक्तिमका वनमा पाइन्छन्। मयुर घामपानी र बिजुली चम्किँदा नाच्छ। मैना चरी भित्री मधेशका गर्मी क्षेत्रमा पाइन्छ। कुर्ले ढुकुर जेष्ठ-असारमा र तामे ढुकुर पुष-माघमा देखिन्छ। कुर्ले ढुकुर, हलेसोले पानी पर्ने संकेत गर्छ। कालो सेतो पांग्रे रङ्गको ठूलो होङ्ग्रायो चरा आज लोप भइसकेको छ भने ठूलो सेतो क्याङ्कुरुङ्ग चराका बक्र ताँतीमा प्रत्येक बर्ष इलामबाट आकाशमा देखिन्छ। असिना, आँधी, हुरी, बतासले गुँड भत्किँदा भएको चरीको विपत्ति र विलाप दयालाग्दो हुन्छ। कुनै चराको उडान कुनैको पखेटा राम्रो त कसैको गुँड कलात्मक हुन्छ र रङ्ग रुप सुन्दर हुन्छ। जुरेली, रुप्पी, हाँस, गौंथली चराले पानीको पोखरीमा नुहाउँछन्। चराहरूले ऐना देख्यो भने नंग्रा, पखेटा र ठुँडको मद्दतले आक्रमण गर्छन्। चराहरू वन वातावरणका सूचक पनि हुन्। यिनीहरूले नै वातावरणलाई स्वच्छ राख्दछन्। प्रकृति र पर्यावरणहरूको पन्छीहरू एक अंश नै हुन्। आज मानिसहरूले वन विनाश गरिरहेका छन् जसले पन्छीहरू लोप भइरहेका छन् र बाँकी रहेका चराहरू संकटमा परेका छन्।

*पञ्चकन्या, इलाम*



*अवश्य सुन्नुहोस्।*

**पन्छी संसार**

**ईमेज एफ.एम. ९७.९ मा बिहान ७.४५ बजे**

**नेपाली महिनाको दोस्रो तथा चौथो शनिवार**

## हरेक बिहानी म प्रकृतिको पुजारी

**-राजनजी**

हरेक बिहानी म प्रकृतिको पुजारी
पन्छी, वन्यजन्तु मार्ने शिकारीलाई पनि
नमार्न सम्झाउने म पुजारी

प्रकृतिको महत्व र वैभवता नेपालीको निशानी
त्यसैले त अब यिनको संरक्षण गर्न बसालौं
हामी असल आनीबानी असल आनीबानी

हरेक बिहानी म प्रकृतिको पुजारी
हरेक बिहानी कर्णालीको तटमा बसेर रमाउने गर्छु
म देख्दा कञ्चन कर्णाली बगेको
अझ प्रफुल्ल हुने गर्छु जब देख्छु म
गोही, माछा, कछुवा,डल्फिन, चराचुरुङ्गी,
गोहीले कर्णालीलाई घर बनाइ बसेको ।।

हरेक बिहानी म प्रकृतिको पुजारी
मान्छे जस्तै पृथ्वीमा हरेक प्राणीलाई बाँच्ने अधिकार छ भनि
विधातासँग वकालत गर्न चाहने म वन्यजन्तुको वकील।
हरियाली, प्राकृतिक हराभरा,स्वच्छ वातावरण र
निरोगी मानिसहरूको
सपना होस स्वप्निल, सपना होस स्वप्निल ।।

हरेक बिहानी म प्रकृतिको पुजारी
प्रत्येक व्यक्तिको कान -कान, मन मन्दिर र मष्तिस्कमा
संरक्षणको शुभ संदेश र महत्व पुऱ्याउन खोज्ने
प्रकृतिको म पुजारी प्रकृतिको म पुजारी

- बर्दिया।



# समाचार संक्षेप

## नेपाल पन्छी संरक्षण संघ–बर्डलाइफको साझेदारमा मनोनीत

संयुक्त अधिराज्य, बेलायतको क्याम्ब्रिजमा रहेको बर्डलाइफ इन्टरनेशनलको सर्वोच्च विश्वव्यापी कार्य समितिले यस संघलाई यही डिसेम्बरमा त्यस संस्थाको साझेदारका रुपमा मनोनयन गरेको छ। नेपाल पन्छी संरक्षण संघ नेपालमा पन्छी संरक्षण तथा अभिलेखन गर्ने आधिकारिक संस्था हो र यसले सन् १९९४ मा बर्डलाइफ इन्टरनेशनलसँग सम्बन्धन प्राप्त गरेको थियो। विश्वभरिका चरा सम्बन्धी बैज्ञानिक आधिकारिकता प्रदान गर्ने बर्ड लाइफ इन्टरनेशनलले सो मनोनयन गर्नु पूर्व यस संघले गरेका विविध कार्यहरु जस्तै विभिन्न ठाउँमा भइरहेका कार्यक्रम वासस्थान संरक्षण शोध तथा अनुसन्धान एवं सर्वसाधारण मानिससँगको सहकार्यका बारेमा व्यापक लेखाजोखा गरेको थियो। यस परीक्षणले यस संघको पन्छी तथा जैविक विविधता संरक्षणमा विगत २८ वर्षदेखि अनवरत रुपमा गरेको कामको यथार्थपरक मूल्याङ्कन तथा यसको अपरिहार्यतालाई उजागर गरेको थियो। यस संघले नेपाल भरिका २७ वटा पन्छीका प्रमुख वासस्थानमा कार्य गरिरहेको छ। यसमा अन्नपूर्ण संरक्षण क्षेत्र, रारा राष्ट्रिय निकुञ्ज, शिवपुरी राष्ट्रिय निकुञ्ज तथा कोशी टप्पु वन्यजन्तु आरक्ष लगायत १३ वटा संरक्षित क्षेत्र, दुईवटा अर्धसंरक्षित एवं सामुदायिक वन, राष्ट्रिय वन, सिमसार, घाँस मैदान, खेती योग्य जमिन लगायत १२ वटा ठाउँहरु छन्।

यस मनोनयनसँगै अब पन्छी जीवन साझेदारीले ११६ वटा राष्ट्रलाई समेटेको छ तथा विश्वभरिमा ११७ वटा संरक्षणमा लागेका संस्थासँग समन्वय गरेको छ।

## इन्द्रावती नदी जलाशयका पन्छीको सर्भे

गत डिसेम्बर ९-२० मा जाडोयामका चराहरुको विस्तृत सर्भे गरियो तथा यसको पुनरावृत्ति १६-२९ जनवरीमा इन्द्रवती नदी जलाशयमा गरिएको थियो। दोलालघाटदेखि याङटीसम्मको क्षेत्र अन्तर्गत चाखोला, शिपाघाट, शहरे बाघमारे, तिपेनी र घट्टेखोलामा सर्भेको आधिकारिक विधि अनुशरण गरी सर्भे गरिएको थियो। यी सर्भेमा पन्छीको वासस्थान लगायत अन्य जानकारीहरु पनि समावेश गरिएको थियो। यसका साथै यस क्षेत्रमा १७७ प्रजातिका पन्छीको अभिलेखन गरिएको थियो। यो सर्भे गर्मीयाममा पुन: गरिनेछ। इन्द्रावती नदी जलाशय व्यवस्थापन नेपाल सरकारको जल तथा शक्ति कमिशन एवं विश्व वन्यजन्तु कोषको संयुक्त कार्यक्रम हो। यस सर्भेले यस क्षेत्रमा आउने फिरन्ते तथा बसाइँ सराई गरी आउने चराको अभिलेखन गर्नुका साथै संरक्षणका बारेमा राय सुझाव प्रस्तुत गर्नेछ।



*पन्छी सर्भे गर्दै युवराज बस्नेत*

## रेसुङ्गा वनमा पन्छीको सर्भे

यस संघले रेसुङ्गा वन (पन्छीका प्रमुख वासस्थान अन्तर्गतको सम्भाव्य क्षेत्र) मा पन्छी तथा तिनको वासस्थान सम्बन्धी सर्भे गर्नलाई ओरियन्टल बर्ड क्लब (OBC, UK) बाट सानो सहायता प्राप्त गरेको थियो। यस क्षेत्रमा यस प्रकारको कार्य गर्न यस संघले पाएको यो पहिलो अवसर हो। यस कार्यक्रम अन्तर्गत पहिलो सर्भे गत नोभेम्बर ११-१७ सम्म गरिएको थियो भने दोस्रो सर्भे फेब्रुवरी ४-११ सम्म गरियो। यी सर्भेमा क्रमश: ८० तथा ११३ पन्छी प्रजाति अभिलेखन गरिएका थिए। यसका साथै अरु दुईवटा सर्भेहरु गरिने कार्यक्रम रहेको छ।

यसका साथै १७ नोभेम्बर २०१० का दिन स्थानीय संघ संस्थाहरुसँग तम्घासमा यौटा कार्यशालाको आयोजना गरियो। यसको मुख्य उद्देश्य रेसुङ्गा वनका पन्छी तथा पन्छी सर्भेको कामका बारेमा जानकारी प्रदान गर्नुका साथै स्थानीय मानिसहरुलाई यी विषयमा जागरुक गराउँनु रहेको थियो। विभिन्न संस्था तथा समूहबाट प्रतिनिधित्व गर्ने ४० जनाको सहभागिता सो कार्यशालामा रहेको थियो। यस कार्यक्रमको मध्यस्थता रेसुङ्गा संरक्षण समितिले गरेको थियो।

## डाइक्लोफेनेक रहित जिल्लाहरुको घोषणा

जिल्ला पशुसेवा कार्यालय लगायत अन्य स्थानीय सरकारी तथा अन्य संघ संस्थाको सहयोगमा तल उल्लेखित जिल्लाहरुलाई डाइक्लोफेनेक मुक्त जिल्ला घोषणा गरिएको छ। यी जिल्लाहरुमा दाङ जिल्ला पहिलो स्थानमा रहेको छ। यसरी उक्त औषधि रहित जिल्ला बनाउँने कार्य यस नेपाल पन्छी संरक्षण संघले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न दातृ संस्थाहरुको सहयोगमा गरेको हो। यी डाइक्लोफेनेक रहित क्षेत्रहरु गिद्ध संरक्षण क्षेत्र सँगसँगै रहेका छन्। यसरी घोषणा गरिएका जिल्लाहरुको विवरण निम्नानुसार छ।

| सि.नं. | जिल्ला | घोषणा गरिएको मिति | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|
| १. | दाङ | २६ नोभेम्बर २०१० | २९५५.०० |
| २. | चितवन | २५ डिसेम्बर २०१० | २२१८.०० |
| ३. | कञ्चनपुर | २८ डिसेम्बर २०१० | १६१०.०० |
| ४. | बाँके | १ जनवरी २०११ | २३३७.०० |
| ५. | नवलपरासी | १६ जनवरी २०११ | २१६२.०० |
| ६. | पाल्पा | २१ जनवरी २०११ | १३७३.०० |
| ७. | कैलाली | २५ जनवरी २०११ | ३२३५.०० |
| ८. | कपिलवस्तु | २६ जनवरी २०११ | १७३८.०० |
| ९. | बर्दिया | २८ जनवरी २०११ | २०२५.०० |
| १०. | रुपन्देही | १७ फेब्रुवरी २०११ | १३६०.०० |
| ११. | कास्की | २८ फेब्रुवरी २०११ | २०१७.०० |
| १२. | इलाम | १२ मार्च २०११ | १७०३.०० |
| | | *जम्मा क्षेत्रफल* | *२४७३३.००* |

## गिद्ध संरक्षणका लागि दश वर्षे रणनीति

निरन्तर चलिरहेको गिद्ध संरक्षण कार्यक्रम अन्तर्गतको दोस्रो कार्यक्रमका रुपमा एसियाका गिद्धहरु निर्मूल हुनबाट जोगाउँने (SAVE) कार्यक्रमको शुरुवात यही





२२ फेब्रुवरीका दिन संविधान सभाका सभाध्यक्ष सम्माननीय सुवास नेम्वाङले गर्नु भयो। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, नेपाल पन्छी संरक्षण संघ, राष्ट्रिय प्रकृति संरक्षण कोष तथा बेलायतमा रहेका RSPB एवं ZSL लगायतका संस्थाहरुले यस रणनीतिलाई अगाडि बढाउँनेछन्। गिद्ध संरक्षणका लागि यस अघि नै नेपालको तराई क्षेत्रमा विश्वमा नै पहिलो गिद्ध संरक्षित क्षेत्र घोषणा गरिसकिएको छ। यस रणनीति अन्तर्गत विलुप्त हुन लागेका गिद्ध प्रजातिहरुको प्रजनन गराई तिनीहरुको संख्या बढाउँनु रहेको छ।



*SAVE कार्यक्रमका सहभागीहरू*

उक्त कार्यक्रमको उद्घाटन समारोहमा सोन्ह मिनेट लामो गिद्ध संरक्षणको फिल्म पनि माननीय सुवास नेम्वाङले लोकार्पण गर्नुभयो। उक्त समारोहमा यस रणनीतिक कार्यक्रमका अध्यक्ष प्रोफेसर इयान न्युटन लगायतले यस कार्यक्रमका बारेमा तथा गिद्धहरुको अवस्था एवं संरक्षणका चुनौतीहरुबारे प्रकाश पार्नुभएको थियो।

## गिद्ध प्रजनन् केन्द्रका लागि गिद्धका चल्ला समात्ने कार्य

डङ्गर गिद्धका २० वटा चल्लाहरु (दाङ, कपिलवस्तु, रुपन्देही तथा अर्घाखाँची जिल्लाहरुका) जङ्गलबाट गिद्ध संरक्षण प्रजनन केन्द्रका लागि समातिएको र राष्ट्रिय प्रकृति संरक्षण कोषको सौराहा स्थित Quarantine aviary मा राखिएको छ। यो कार्य राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष, RSPB र ZSL को संयुक्त सहभागितामा गरिएको थियो।

## अनुसन्धान

स्थानीय व्यक्ति तथा समाजका गिद्धका बारेमा जानकारी भए नभएको, तिनको लोप हुने अवस्था तथा कारणका बारेमा यौटा प्रश्नोत्तर सर्भे कार्यक्रमको आयोजना नवलपरासी जिल्लाको पूर्वी तथा पश्चिमी भागमा गरियो। यस सर्भेमा गिद्धलाई पर्ने असरहरु जस्तै विषादीको प्रयोग, बिजुलीको तारमा अड्केर मर्ने, वासस्थानको नाश, आहाराको आपूर्ति तथा मानवीय चापका बारेमा पनि अनुसन्धान गरिएको थियो। स्थानीय समुदायका युवाहरुलाई तालिम प्रदान गरी यो सर्भे गर्न लगाइएको थियो तथा उनीहरु मार्फत चारवटा क्षेत्रमा ८१० वटा प्रश्नोत्तरका नमूनाहरु दिइएको थियो। यस अनुसन्धानलाई ९०९ को संरक्षणका लागि नेतृत्व कार्यक्रमले सहायता प्रदान गरेको थियो।

जटायु छात्रवृत्ति प्राप्तकर्ता विश्वविद्यालयका चारजना विद्यार्थीलाई तालिम प्रदान गरी उनीहरु मार्फत बिजुलीको तारमा अड्केर गिद्ध तथा अन्य चराहरु मरिरहेका बारे पनि सर्भे गरिएको थियो। उनीहरुको अनुसन्धान अवधिमा ९६ किमी को क्षेत्र समेटिएको थियो। यस अनुसन्धानलाई पनि ९०९ को संरक्षणका लागि नेतृत्व कार्यक्रमको सहायता प्राप्त थियो।

## नयाँ पोस्टर तथा जानकारी पत्र

रामायणमा वर्णित जटायु जसले सीता हरणका बेलामा रावणसँग युद्ध गरेको थियो भन्ने बारेमा जानकारी युक्त पोस्टर प्रकाशित गरिएको छ। यसले स्थानीय मानिसहरुको "गिद्ध अपसगुन" भन्ने नकारात्मक सोचलाई परिवर्तन गर्न जागरुक गराउँने आशा गरिएको छ। यस पोस्टरका ३००० प्रति प्रकाशित गरी व्यापक रुपमा वितरण गरिएको छ। यसका साथै जागरण गराउँने जानकारी पत्र का ६००० प्रति प्रकाशित गरी वितरण गरिएको छ। नेपाली भाषामा प्रकाशित जानकारी पत्र जसमा गिद्ध लोप हुने स्थितिका बारेमा जानकारी राखिएको छ, यसका साथै लोप हुने स्थितिको कारण अनि संरक्षणका प्रयासका बारेमा पनि जानकारी दिइको छ।




## नवलपरासीमा पन्छी शिक्षा तथा जागरण कार्यक्रम

नवलपरासीको पश्चिमी भागमा स्थानीय समुदाय तथा विद्यार्थीहरुलाई लक्षित गरी पन्छी संरक्षण तथा जागरण कार्यक्रमको आयोजना गरियो। यस कार्यक्रममा चारवटा स्थानीय समुदाय समूह तथा १२ वटा स्कूललाई समावेश गरिएको





थियो। जम्मा २५०० प्रति जागरण पुस्तिका यस कार्यक्रममा वितरण गरिएको थियो। यौटा सुनवलमा र अर्को बर्दघाटमा गरी दुईवटा पन्छीका जानकारी भएका बोर्डहरुको पनि स्थापना गरिएको छ। विश्व सिमसार दिवस २०११ का अवसरमा आयोजित निबन्ध लेखन प्रतियागिता विजयीहरुलाई पुरस्कार पनि वितरण गरिएको थियो।

## डार्विन इकोसिस्टम सर्भिसेस कार्यक्रम

बेलायतका विज्ञहरुको टिमको सहयोगद्वारा काठमाडौं उपत्यकाका दुईवटा पन्छीका प्रमुख वासस्थान शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्ज र फूलचोकी वनमा पर्यावरण सेवा मूल्याङ्कन पद्दतिका साधानहरु पहिलो पटक प्रयुक्त गरिएको छ। क्षेत्रगत कार्य जस्तै कार्बन, जङ्गलबाट जागरण गर्ने वस्तुहरु, पर्यटन तथा जलश्रोतको उपयोग उक्त दुवै बासस्थानमा शुरु गरिसकिएको छ।



*शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा कार्बन सर्वे गर्दै*

## सदस्यता

प्रसादी एकेडेमीका प्राचार्य श्री विक्रम राईले यस संघको संरक्षक सदस्यता लिनु भएको छ। वहाँलाई पन्छीप्रति गहिरो अभिरुचि हुनुका साथै वहाँ प्रकृति संरक्षणमा दत्तचित्त भएर लाग्नु भएको छ।

श्री विनय बस्नेत जो कोशी टुर्स एण्ड ट्राभल्सका प्रबन्ध निर्देशक हुनुहुन्छ, ले यस संघमा आजीवन सदस्यता लिनु भएको छ। वहाँ पन्छी संरक्षण गतिविधिमा संलग्न हुनुका साथै पन्छीलाई माया गर्ने व्यक्तित्व हुनुहुन्छ।

आइयुसीएनका प्रमुख श्री राजेन्द्र खनालले यस संघको आजीवन सदस्यता लिनुभएको छ। वहाँ संरक्षणका क्षेत्रमा विगत लामो समयदेखि कार्य गरिरहनु भएको छ। यसका साथै नेपालका चराहरुको संरक्षणमा वहाँको गहिरो अभिरुचि रहेको छ।

यस संघमा भेटेरीनरी अधिकृतका रुपमा कार्यरत श्री विनय श्रेष्ठले पनि यस संघको आजीवन सदस्यता लिनुभएको छ।

अष्ट्रेलियामा नेपालका ट्राभल एजेन्सीहरुको बजार व्यवस्थापन एजेन्टका रुपमा कार्यरत श्री प्रमोद खतिवडाले यस संघको आजीवन सदस्यता लिनु भएको छ। वहाँ संरक्षणका कार्यमा, जलवायु परिवर्तनमा तथा दिगो पर्यटन विकासका साथ साथै भ्रमण एवं प्रकृतिको फोटोग्राफीमा विशेष अभिरुचि राख्नुहुन्छ।

श्री पूरन श्रेष्ठले यस संघको आजीवन सदस्यता लिनु भएको छ। उहाँ धेरै वर्षदेखि संरक्षण कार्यमा संलग्न हुनुहुन्छ।

श्री राजकुमार राईले यस संघको आजीवन सदस्यता लिनुभएको छ। इलाम निवासी उहाँ पन्छी संरक्षणमा निकै रुची राख्नुहुन्छ।

श्री मोहन चन्द्र विश्वकर्माले यस संघको आजीवन सदस्यता लिनु भएको छ। वहाँ यस संघमा गिद्ध संरक्षण अधिकृतका रुपमा कार्यरत हुनुहुन्छ।

प्रकृति एवं पन्छीका फोटो एवं भिडियो खिच्न रुचाउने श्री सुदर्शन कार्की यस संघको आजीवन सदस्यका रुपमा आवद्ध हुनु भएको छ।

## नेपाल पन्छी संरक्षण संघका शुभ चिन्तक

यस संघको शुरुवातसँगै हालसम्म सहयोग प्रदान गर्ने अन्तर्राष्ट्रिय साथीहरु व शुभचिन्तकहरुमा यो संघ हार्दिक आभार प्रकट गर्दछ। यस संघले यस्ता अन्तर्राष्ट्रिय साथी तथा शुभचिन्तकहरुलाई संघमा निरन्तर सहयोग प्रदान गर्न यौटा छुट्टै विधि अवलम्बन गरेको छ। यसरी वहाँहरु संघका शुभचिन्तक साथीका रुपमा सानो सहयोग मार्फत आवद्ध हुन सक्नुहुनेछ।

## संघका शुभचिन्तक साथी तथा शुभचिन्तकको श्रेणी

- हरियो श्रेणी: युएस डलर ७५० वा त्यसभन्दा बढी बराबर नेपाली मुद्रा सहायता प्रदान गर्ने संरक्षक सदस्य जस्तै हुने।
- नीलो श्रेणी: युएस डलर १३० वा त्यसभन्दा बढी बराबर नेपाली मुद्रा सहायता प्रदान गर्ने यस संघको आजीवन सदस्य जस्तै हुने।
- कैलो वा खैरो श्रेणी: युएस डलर १५ वा त्यसभन्दा बढी बराबर नेपाली मुद्रा सहयोग गर्ने यस संघको साधारण सदस्य जस्तै हुने।

यस श्रेणी अन्तर्गत नेपालका लागि अमेरिकाका महामहिम राजदूत श्री स्कट एच डेलिसीले नीलो श्रेणी र उहाँकी धर्मपत्नी लिजा सी. डेलिसीले खैरो श्रेणीको सहायता प्रदान गर्नुभएको छ। वहाँहरू दुवै निकै खरो पन्छी अवलोकनकर्ता हुनुका साथै पन्छीहरु प्रति गहिरो अभिरुचि राख्नुहुन्छ।

बर्डलाइफ इन्टरनेशनलका विज्ञान विभाग प्रमुख तथा पेशाले जीव विज्ञ आलिसन स्टाटर्सफिल्डले नीलो श्रेणीको सहायता प्रदान गरी यस संघमा अन्तर्राष्ट्रिय साथी शुभचिन्तक भई आवद्ध हुनुभएको छ।


*यस त्रैमासिक पत्रिकाको प्रकाशन सहयोगी संस्थाहरू*

Royal Society for the Protection of Birds, UK

BirdLife INTERNATIONAL
Together for birds and people

बर्डलाईफ इन्टरनेशनल
BirdLife International

सनराइज बैंक लिमिटेड



- *सम्पादक* — भेषराज घिमिरे
- *समन्वयकर्ता* — मेनुका बस्न्यात
- *लेआउट* — क्यालिग्राफिक स्टुडियो
- *प्रकाशक* — नेपाल पन्छी संरक्षण संघ

BirdLife INTERNATIONAL
Together for birds and people

# बर्डलाईफ इन्टरनेशनल
# BirdLife International

BirdLife International विश्वभरिका चरा संरक्षण गर्ने संस्थाहरूसँग साझेदारी, प्रतिनिधि नियुक्त गरेर वा लगनशील पन्छीविद् व्यक्तिहरूसँग मिलेर काम गर्ने संस्था हो। नेपाल पन्छी संरक्षण संघ यस संस्थाको नेपालका लागि साझेदार संस्था हो।

BirdLife International ले विश्वभरिका चराहरू र त्यसको वासस्थान संरक्षणका लागि काम गर्नु र यसबाट जैविक विविधता जगेर्ना गर्ने गर्दछ। यसले चराहरूलाई परिरहेको समस्या तिनीहरूको वासस्थान र विश्व वातावरणलाई सामाजिक, आर्थिक र साँस्कृतिक पक्षसँग अन्तर सम्बन्ध स्थापित गरी वातावरणीय तथा सामुदायिक दिगो विकास गर्ने प्रमुख लक्ष्य राखेको छ।

चराहरूले BirdLife International लाई महत्वपूर्ण योगदान गरेका छन्। चराहरू वातावरणका संकेतक हुन् र यिनीहरूले वातावरणीय प्रक्रियामा प्रमुख योगदान गर्दछन्। यिनीहरूले मानवको प्राकृतिक प्रक्रिया बुझ्न मद्त गर्दछ। पन्छीहरूको निकै ठूलो आर्थिक महत्व छ र तिनीहरूले मानव समुदायलाई धार्मिक तथा साँस्कृतिक रूपले शताब्दीऔंदेखि उत्साहित र आनन्दित गर्दै आएका छन्। जसले वातावरणीय चेतना बढाउँने अन्तर्राष्ट्रिय स्तरको दूतको रुपमा महत्वपूर्ण भूमिका खेल्दछ।

### BirdLife International कार्यक्रम तथा उद्देश्यहरू

१. विश्वव्यापी रुपमा पन्छी विविधता तथा तिनका भयहरूको वैज्ञानिक अध्ययन अनुसन्धान र अनुगमन गर्ने।

२. विश्वव्यापी रुपमा पन्छी संरक्षण र यिनीहरूको विविधता, प्राकृतिक स्रोतको दिगो विकासका बारेमा नियम बनाउँने तथा त्यसबारे प्रकाश पार्ने।

३. वन्यजन्तु र मानव समाजका लागि सामुदायिक रूपमा भू-भागको सदुपयोग गर्न राष्ट्रिय रुपमा कार्यक्रम गर्ने।

४. पन्छी र यसको संरक्षणका लागि विभिन्न मुलुकमा रहेका संरक्षणवादी संस्था तथा व्यक्तिहरूसँग सम्पर्क स्थापित गर्ने।

बर्डलाईफ इन्टरनेशनलका प्रमुख कार्यहरू मध्ये पन्छीहरूका महत्वपूर्ण क्षेत्रहरू (Import Bird Area, IBA) पत्ता लगाई त्यसको तथ्याङ्क राख्नु हो। नेपालमा पनि पंक्षीका महत्वपूर्ण क्षेत्रहरू तयार पार्ने कार्य नेपाल पन्छी संरक्षण संघले गरेको छ।

# नेपाल पन्छी संरक्षण संघ
## *Bird Conservation Nepal*

Bird Conservation Nepal ESTD. 1982 नेपाल पन्छी संरक्षण संघ TM



नेपाल पन्छी संरक्षण संघ पन्छीविद्, पन्छी अवलोकन गर्ने र संरक्षण गर्ने व्यक्तिहरूको निकै पुरानो संस्था हो। सन् १९८२ मा स्थापित यस संस्थाको जनसाधारणमा चराहरूको बारेमा ज्ञान अभिबृद्धि गर्ने, चराहरूको विविधता तथा जीवनचक्र बारे अनुसन्धान गर्ने, र चराहरूलाई पर्ने प्रमुख खतरा पत्ता लगाउँने र तिनीहरूको वासस्थान संरक्षण गर्ने मूल सिद्धान्त रहेको छ। यो संस्था पन्छी संरक्षण सम्बन्धी नेपालको सबैभन्दा पुरानो, ठूलो जानकारी प्रदान गर्न सक्ने संस्था हो। पूर्णतया स्वयंसेवकबाट संचालित यस संस्थाको प्रमुख शक्तिको रुपमा यसका सदस्यहरू रहेका छन्। यस संस्थाको संस्थापक अध्यक्ष श्री हरि शरण नेपाली "काजी" ज्यू हुनुहुन्छ जो नेपालको प्रथम नेपाली पन्छीविद् मानिनुहुन्छ। यस संस्थामा संरक्षक, आजीवन सदस्य, साधारण सदस्यहरू गरि थुप्रै सदस्यहरू रहेका छन्। यसका सदस्यहरू पन्छी सम्बन्धी जानकारी राख्न चाहने इच्छुक, संरक्षणवादी, विद्यार्थी तथा जनसाधारणहरू नै रहेका छन्। नेपाली पन्छी संरक्षण संघ राष्ट्रिय स्तरको सबैभन्दा भरपर्दो संस्था भएको छ। यस संस्थाले १७-१८ वर्ष अघिदेखि चराहरूको स्थिति र संरक्षणका बारेमा जानकारी गराउँदै आएको छ। यसको प्रमुख उद्देश्य पन्छी र यिनीहरूको वातावरण र मानवसँगको सम्बन्धको बारेमा जन साधारणलाई वातावरणीय शिक्षा दिनु हो। पूर्णतया स्वयंसेवकबाट संचालित हुनाले यस संस्थाले पन्छी संरक्षणका लागि जो कसैबाट पनि नैतिक, सामाजिक र आर्थिक सहयोगको अपेक्षा राख्दछ। यस संस्थाका बारेमा बढी जानकारी तथा सहयोगका लागि निम्न ठेगानामा पत्राचार गर्न सकिने छ।


नेपाल पन्छी संरक्षण संघ
पोष्ट बक्स १२४६५, काठमाडौं, नेपाल
फोन ४४१७८०५, ४४२०२१३, फ्याक्स ४४१३८८४
इमेल bcn@mail.com.np, वेबसाइट www.birdlifenepal.org



*© २०६७ सर्वाधिकार नेपाल पन्छी संरक्षण संघमा निहित छ। यसमा प्रकाशित लेख र रचना लेखकका आफ्नै विचारहरू हुन्।*